**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल असोज २८ गते मंगलबार बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेस गर्ने मन्त्रालय | निर्णयको बेहोरा |
|---|---|---|
| १. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा (३) बमोजिम कर्णाली प्रदेश सरकारको वार्षिक क्रियाकलाप संकेत नं. ७.१.१.१ मा सहिद स्मृति भत्ता वितरणका लागि रु २ करोड ५५ लाख ७२ हजार र ७.१.१.२ मा जीवन निर्वाह विशेष भत्ता वितरण का लागि रु २ करोड २९ लाख ८० हजार गरी कुल जम्मा रकम रु. ४ करोड ८५ लाख ५२ हजार बराबरको अख्तियारी दिन आवश्यक भएकोले आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत सम्बन्धित स्थानीय तहमा अख्तियारी पठाउन स्वीकृति दिने। |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | आयोजना प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२ स्वीकृति गर्ने। |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश समपुरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ स्वीकृत गर्ने। |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ स्वीकृत गर्ने। |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ स्वीकृत गर्ने। |
| ६. | सामाजिक विकास मन्त्रालय | "लैङ्गिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रेषण प्रक्रिया निर्देशिका, २०८२" स्वीकृत गर्ने। |